सुदूरपश्चिम प्रदेश सरकार
उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय
उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

# घरेलु तथा साना उद्योग कार्यालय

डडेल्धुरा

## परशुराम नगरपालिका अन्तर्गत मोती फार्मिङ उद्योग स्थापनाका लागि अनुदान सहायता सम्वन्धि सिलवन्दी प्रस्ताव आंव्हानको सूचना ।

**प्रथम पटक प्रकाशित मिति :२०७९/११/१७**

यस कार्यालयको चालु आ.व. २०७९/८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार परशुराम नगरपालिका अन्तर्गत मोती फार्मिङ उद्योग स्थापनाका लागि अनुदान सहयोग गर्नुपर्ने भएकोले कानुन वमोजिम यस कार्यालयमा दर्ता भई उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय सुदूरपश्चिम प्रदेशबाट जारी भएको उद्योग वाणिज्य तथा उपभोक्ता हित सम्बन्धी वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि २०७९ वमोजिम ईच्छुक उद्यमीले तपसिल अनुसारका कागजात तथा शर्त सहित घरेलु तथा साना उद्योग कार्यालय डडेल्धुरामा सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र प्रस्ताव पेश गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

केशव सिंह भण्डारी
कार्यालय प्रमुख

**प्रस्तावसाथ पेश गर्नुपर्ने कागजात :**

१. उद्यमीको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।
२. उद्योग दर्ता प्रमाण पत्रको प्रतिलिपि ।
३. स्थायी लेखा नं. प्रमाण-पत्रको प्रतिलिपि ।
४. गत आ.व. को करचुक्ता प्रमाण-पत्रको प्रतिलिपि ।
५. उद्योग संचालनमा रहेको भवन वा जग्गाको स्वामित्व आफ्नै भएमा जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि, एकाघरको परिवारको सदस्यको भएमा भवन वा जग्गा धनी र उद्यमी बीचको नाता खुल्ने गरी निवेदन साथ दुवैको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र भाडामा लिएको भएमा सम्झौता पत्रका साथ जग्गा धनीको नागरिकताको प्रमाण पत्र र जग्गा धनी प्रमाण पुर्जाको प्रतिलिपि ।
६. प्रस्तावकको लगानी गर्ने प्रतिवद्धता र उद्योगको बैंक स्टेटमेण्ट ।
७. प्रस्तावित उद्योगको सम्भाव्यता रहेको छ भनी सम्वन्धित स्थानिय तहको कार्यपालिकाको कार्यालयको सिफारिस पत्र।
८. उद्योगको कालो सुचीमा नपरेको स्व - घोषणापत्र ।
९. उद्योगको व्यवसायीक योजना ।
१०. सम्वन्धित उद्योगको लागि यस अघि मेसिनरी औजार तथा उपकरणमा अनुदान नलिएको स्व- घोषणापत्र ।
११.प्रस्तावित जनशक्तिको शैक्षिक योग्यता एव उद्योग सँग सम्वन्धित कुनै तालिम वा अनुभव लिएको भएमा सोको प्रमाणपत्रको प्रतिलिपी ।

[माथि उल्लेखित वुँदा न १ देखी ११ सम्मका कागजातहरु उद्यमी स्वयले प्रमाणित (सही छाप) गरि पेश गर्नुपर्नेछ ।]

**शर्तहरु :**

१.प्रचलित कानुन वमोजिम मोती फार्मिङ गर्ने उद्धेश्यले यस कार्यालयमा दर्ता भएका लघु, घरेलु तथा साना उद्योगहरुले यस अनुदान कार्यक्रममा सहभागी हुन पाउने छन ।
२.अनुदान प्रस्ताव पेश गर्ने उद्योगले उत्पादन र अनुदान वितरण हुने कार्यक्रमको प्रकृति मेल खाने किसिमको हुनुपर्नेछ ।
३. प्रस्तावकले कुल अनुदानको कम्तीमा बिस प्रतिशत रकम अनिवार्य लागत साझेदारी गर्नुपर्नेछ ।
४. प्रस्तावकले उद्योग दर्ता प्रमाणपत्रमा उल्लेखित ठेगाना अनुसारको स्थानिय तहको लागि छुट्याएको अनुदान रकमको लागि मात्र प्रस्ताव पेश गर्नुपर्नेछ ।

विस्तृत जानकारीका लागि यस कार्यालयको फोन नं. ०९६ -४१०१६४ मा सम्पर्क गर्न सकिनेछ ।